# नेपाल भूकम्प प्रतिकार्य: खोटाङ
## स्थिति रिपोर्ट

## खोटाङ  भूकम्प

खोटाङ जिल्ला **मात्तिमबिर्ता**मा गएको भूकम्पले मुख्यतया भूकम्पको केन्द्रविन्दु रहेको खोटाङको **साकेला गाउँपालिका**मा क्षति पुर्‍याएको छ । भूकम्पको धक्का काठमाडौं, दार्जिलिङ, इटहरी र भारतको पटना शहरसम्म महसुश गरिएको थियो भने कुनै मानवीय क्षति भने नभएको बताइएको छ । भौतिक क्षति मुख्यतया **खोटाङ** र **भोजपुर** जिल्लामा भएपनि खोटाङ जिल्लामा बढी भएको बताइएको छ ।

खोटाङ जिल्लाको **साकेला गाउँपालिकाका पाँचै वडा** र **दिक्तेल रुपाकोट मजुवागढी नगरपालिकाका ७, ८, ९ नम्बर वडा**मा भूकम्पको क्षति अवलोकन र क्षतिग्रस्त घरको अवलोकन गर्दा खोटाङ जिल्लाका अन्य भागको तुलनामा यस भूकम्पबाट बढी प्रभावित भएका छन् । हाल सम्म प्राप्त भएको प्रारम्भिक तथ्याङ्क अनुसार साकेला गाउँपालिका र दिक्तेल रुपाकोट मजुवागढी नगरपालिकाका यी वडाका **३ हजार ८ सय ७७ वटा घर**हरु मध्ये करिब **१ सय २२ वटा घर पूर्णरुपमा क्षतिग्रस्त** भएको बताइएको छ।

मजुवागढी नगरपालिकाहरुका विज्ञ टोलीले गरेको स्थलगत निरिक्षणबाट कुल **१.८८ प्रतिशत घरमा क्षति पुगेको** अनुमान गरिएको छ । **दिक्तेल रुपाकोट मजुवागढी नगरपालिकाको वडाहरु १, २, ५, १२ र १४ र हलेसी नगरपालिकाको वडा नं १, ७, ८, ९ र ११ लाई कम प्रभावित क्षेत्र** मानिएको छ ।

त्यसैले **साकेला गाउँपालिका वडा १, २, ३, ४ र ५ र दिक्तेल रुपाकोट मजुवागढी नगरपालिकाको वडा ७, ८ र ९ लाई मात्तिमबिर्ता भूकम्पका कारण बढी प्रभावित क्षेत्र** मानिएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले स्थानीय सरकारसँगको समन्वय र सहकार्यमा प्रभावित क्षेत्रको प्रारम्भिक मूल्याङ्कन गरेको छ जस अनुसार **प्रारम्भिक क्षति करिब १ करोड ३७ लाख ५ हजार** रुपैयाँ भएको अनुमान गरिएको छ ।

## अनुमानित क्षेत्रगत घाटा

| | |
|---|---|
| निजी आवास | ९४०००००० |
| विद्यालय र शैक्षिक संस्थाहरू | ३२४००००० |
| सरकारी भवनहरू | ६०००००० |
| धार्मिक स्थल र सम्पदाहरू | ८००००० |
| महत्वपूर्ण सुविधाहरू | २०००००० |
| कृषि क्षेत्र | ६००००० |
| पहिरोका कारण जमिनको क्षति | १७०००००० |
| **कुल अनुमानित क्षति (रु.)** | **१३,७५,००,०००** |




| जिल्ला | क्षतिको स्थिति | कुल प्रभावित | पुनर्निर्माण प्रति घरधुरीहरु को लागि रेट्रोफिटिंग रकम | कुल रकम (रु.) |
|---|---|---|---|---|
| खोटाङ | पूर्ण | १८७ | ४००००० | **७,४८,००,०००** |
| | आंशिक | १९२ | १००००० | **१,९२,००,०००** |
| **कुल  जम्मा (रु.)** | | **३७९** | | **९,४०,००,०००** |

प्राविधिक सहयोग: राष्ट्रिय आवास तथा बस्ती उत्थानशील समन्वय मञ्च (NHSRP)

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**
सिंहदरबार, काठमाडौं

**थप जानकारीको लागि:**
P.O. बक्स नं.:२१३२१३
टेलिफोन: ०१-४२११११९५
इमेल:: info@bipad.gov.np, ndrrma@gmail.com